JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २८ गते शनिबार ❑ 10 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## तीन दलबीच सत्ता समीकरणबारे छलफल

**रासस**
**काठमाडौं, २७ चैत**

नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी नेपालका शीर्ष नेताबीच सत्ता समीकरणबारे शुक्रबार छलफल भएको छ।



काँग्रेस सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा भएको बैठकमा सभापति देउवाले कांग्रेस केन्द्रीय कार्यसमितिले केही दिनअघि गरेको निर्णयबारे जानकारी गराएका थिए।

कांग्रेसले यही चैत २० गते सर्वोच्च अदालतले संसद् पुनःस्थापना गरेको महिना दिनभन्दा बढी समय हुँदासमेत प्रधानमन्त्रीले पदत्याग गरेर मार्गप्रशस्त नगरेको भन्दै प्रधानमन्त्रीको राजीनामा माग र आफ्नै नेतृत्वमा सरकार गठनका लागि पहल गर्ने निर्णय गरेको थियो।

सभापति देउवाले राखेको उक्त प्रस्तावलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले 'सकारात्मक छ' भन्नुभएको बैठकमा सहभागी कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए। अध्यक्ष दाहालले त्यसमा आफूहरु साथमा रहेकोसमेत अवगत गराएका थिए। जसपाका नेताहरुले भने सो प्रस्तावबारे आफ्नो पार्टीमा छलफल गरेर निर्णय गरेपछि पुनः बस्ने बताएका थिए।

प्रवक्ता शर्माले सत्ता समीकरणका लागि तीन दलबीच भएको पहिलो बैठक सकारात्मक रुपमा टुगिङ्एको बताए। बैठकमा कांग्रेसका तर्फबाट सभापति देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला, उपसभापतिद्वय विमलेन्द्र निधि र विजयकुमार गच्छदार, महामन्त्रीद्वय डा शशाङ्क कोइराला र पूर्णबहादुर खड्का, सहमहामन्त्री डा प्रकाशशरण महत र प्रवक्ता शर्मा, माओवादी केन्द्रका तर्फबाट अध्यक्ष दाहाल, नेताद्वय कृष्णबहादुर महरा र देवबहादुर गुरुङ, प्रवक्ता नारायणकाजी श्रेष्ठ एवं जसपाका तर्फबाट अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव, सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, वरिष्ठ नेताद्वय राजेन्द्र महतो र अशोक राईलगायत सहभागी रहेका थिए।

## सांसद पद हटेका चार मन्त्रीको शपथ

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष शुक्रबार नवनियुक्त चार मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन्।



नवनियक्त मन्त्रीहरु ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री टोपबहादर रायमाझी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट, शहरी विकासमन्त्री प्रभु शाह र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गौरीशङ्कर चौधरीले राष्ट्रपति भवन शीतलनिवासमा आयोजित समारोहमा शपथ लिएका हुन्। उनीहरु यसअघि तिनै मन्त्रालयको जिम्मेवारीमा रहेका थिए। समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीलगायत उच्चपदस्थ पदाधिकारीको उपस्थिति थियो। उनीहरु चार जना नेकपा (माओवादी) केन्द्रका तर्फबाट प्रतिनिधिसभा सदस्य रहनुभएकामा पार्टी एकता र त्यसपछि कायम नेकपा (एमाले)को केन्द्रीय सदस्यमा आवद्ध हुनुभएकाले माओवादी केन्द्रको सूचनाका आधारमा बिहीबार प्रतिनिधिसभा सदस्य रिक्त हुनुभएको घोषणा गरिएको थियो।

सांसद नरहेपछि मन्त्रीमा कायम रहन नमिल्ने भएकाले उनीहरुलाई पुनः नियुक्त गरिएको हो। सांसद नभए पनि छ महिनासम्म मन्त्रीमा नियुक्त गर्न सकिने संवैधानिक व्यवस्था छ।

## राष्ट्रपतिबाट विभिन्न महानुभावलाई मानपदवी, अलङ्कार र पदकबाट सुशोभन

**रासस**
**काठमाडौं, २७ चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्का विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महानुभावलाई शुक्रबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा विभिन्न मानपदवी, अलङ्कार र पदकबाट सुशोभन गर्नुभएको छ।

विभूषित हुनेमा महाउज्जवल राष्ट्रदीप प्रथम श्रेणीबाट स्व मदनमणि दीक्षित, पूर्वमन्त्री स्व रवीन्द्रप्रसाद अधिकारी, सुप्रसिद्ध प्रबल जनसेवा श्री (प्रथम) बाट प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, चिकित्सक प्रा डा दिव्यासिंह शाहलगायत हुनुहुन्छ। यस्तै सुप्रसिद्ध प्रबल जनसेवाश्री (प्रथम) बाट चिकित्सक डा सन्दुक रुइत, प्रसिद्ध प्रबल जनसेवाश्री (द्धितीय) बाट सर्वोच्च अदालतका न्यायाधीश दीपककुमार कार्की, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त नवीनकुमार घिमिरे, प्रधानसेनापति पूर्णचन्द्र थापालगायत हुनुहुन्छ। नेपालको संविधानको धारा २७७ को उपधारा १ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा विभूषण प्रदान गरिँदै आएको छ। विभूषित हुनेहरूको सूची गृहमन्त्रालयको वेबसाइटमा समावेश गरिएको छ।

गत वर्ष विभूषण समितको सिफारिसमा मानपदवीतर्फ महाउज्जवल राष्ट्रदीप प्रथम श्रेणीबाट दुई, सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणीबाट सात, उज्जल कीर्तिमय राष्ट्रदीप द्धितीय श्रेणीबाट एक, प्रसिद्ध जनसेवाश्री द्धितीय श्रेणीबाट एक, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणीबाट नौ, सुप्रबल जनसेवाश्री तृतीयबाट ११२, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणीबाट आठ, प्रबल जनसेवाश्री चतुर्थबाट २००, जनसेवाश्री प्रथमबाट ११०, अलङ्कारतर्फ १५५ र पदकतर्फ २८ गरी ६३३ लाई विभूषित गरिने घोषणा भएको थियो। संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६ का अवसरमा २०७६ भदौ ३१ को निर्णयबाट विभूषण प्रदानका लागि ४५० लाई घोषणा गरिएकामा कोभिड-१९ का कारण कार्यक्रम हुन नसकेका कारण सुशोभन हुन नसकेकालाई पनि आजै सुशोभन गरिएको छ। बाँकी रहेकालाई आउँदो वैशाख १ गते सुशोभन गरिनेछ।

## तीन दल मिल्नु घाम र जुन मिल्नु जस्तै हो : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र संघीय समाजवादी मिल्नु भनेको घाम र जुन मिल्नु जस्तै भएको बताएका छन्।

मुख्यमन्त्री गुरुङले शुक्रबार बैंसीशहर-१ उदिपुरमा आयोजित कार्यक्रममा तीन दलका आ-आफ्ना स्वार्थका कारण मिल्न नसक्ने बताए। वर्तमान सरकारलाई हटाउन सजिलो नभएको भन्दै मुख्यमन्त्री गुरुङले भने, 'एमालेसँग तीन दलमध्ये जुन मिल्दा पनि बहुमत पुग्छ। उनीहरुको अवस्था सजिलो छैन।' उनले गण्डकी प्रदेश सरकार पनि बलियो रहेको बताए। मुख्यमन्त्री गुरुङले २०४७ देखि २०७४ सम्म आइपुग्दा प्राप्त हुन नसकेको महत्वपूर्ण उपलब्धि वर्तमान सरकारले हासिल गरको बताए। मुख्यमन्त्री गुरुङले भने, 'समृद्धिका लागि जग बसालेका छौं। थप नतिजा छिट्टै देखिन्छ।' उनले गण्डकी प्रदेश सरकारले सभ्य समाज र समृद्ध प्रदेश बनाउने अभियानका साथ काम गरिरहेको बताए। ग्यासको सट्टामा बिजुलीको चुलो वितरण गर्न लागेको, प्रदेशमा चक्लाबन्दीको अभियान थाल्न लागेको उनको भनाइ छ। मुख्यमन्त्री गुरुङले भने, 'रु ३५ अर्बमध्ये २० अर्ब भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारले खर्च गर्दै बढीभन्दा बढी प्राथमिकतामा दिँदै आइरहेको छ। गण्डकी प्रदेशमा पाँच लाख ७८ हजार घरधुरी रहेकामा यसै वर्षभित्र विद्युत् नपुगेका घरधुरीमा विद्युत् पुऱ्याउँछौं।

अर्को वर्ष आधारभूत खानेपानी नपुगेका सबै घरधुरीमा एक घर एक धारा पुग्छ, उनले भने। मुख्यमन्त्री गुरुङले बैंसीशहर नगरपालिकाले बैंसीशहर-१ स्थित प्रवेशद्वारमा निर्माण गरेको प्रवेशद्वार, उदिपुर-डिही खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रदेश सरकार र स्थानीयवासीको सहकार्यमा निर्माण गरेको एक घर एक धारा र जनकल्याण माध्यमिक विद्यालयको चार कोठे भवनको एक दिन उद्घाटन गरेका थिए। तीनवटै आयोजनाको उद्घाटनपछि संयुक्त रुपमा कार्यक्रमको आयोजना गरिएको हो।

बैंसीशहर नगरपालिकाले करीब २२ लाखमा डुम्रे-बैंसीशहर सडक खण्डको उदिपुरमा प्रवेशद्वार निर्माण गरेको हो। त्यस्तै ६२३ घरधुरी लाभन्वित हुनेगरी निर्माण सम्पन्न भएको उदीपुर-डिही खानेपानी रु दुई करोड ९८ लाख ३६ हजारको लागतमा सम्पन्न भएको हो। त्यसैगरी जनकल्याण माध्यमिक विद्यालयको चार कोठे भवन रु ६८ लाख ३२ हजार ९९१ मा राष्ट्रिय प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) लमजुङले निर्माण गरेको हो।

## निर्वाचनमा जानुपर्ने अवस्था आउनसक्छ : सभापति देउवा

**रासस**
**काठमाडौं, २७ चैत**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकको वर्तमान परिस्थितिलाई निकास दिन निर्वाचनमा जानुपर्ने अवस्था आउनसक्ने बताएका छन्।

नेपाल निजामती कर्मचारी युनियन (सङ्घ) केन्द्रीय कार्यसमितिद्वारा आयोजित राष्ट्रिय भेला तथा विधान अधिवेशनको शुक्रबार यहाँ उद्घाटन गर्दै कांग्रेस सभापति देउवाले निर्वाचन बाध्यता हुनसक्ने बताए। "सरकार गठन भए ठीकै भयो, भएन भने निर्वाचनमा जानुपर्ने हुन सक्छ, निर्वाचन बाध्यता हुन सक्छ। पार्टीको सरकार भएन भने पनि देशको निर्वाचन तथा पार्टीको अधिवेशनमा लाग्नुपर्नेछ। वर्तमान सरकारको विकल्प पनि खोज्नुपर्ने छ, यी दुवै काम प्राथमिकतामा छन्", उनले भने।

वर्तमान सरकारको विकल्प खोज्ने गरी सत्ता समीकरणको चर्चा चलिरहेका बेला कांग्रेस सभापति देउवाको यस्तो भनाइ आएको हो। सत्ता साझेदारीका विषयमा सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी नेकपा (माओवादी केन्द्र) तथा प्रतिपक्षमा रहेको जनता सामाजवादी पार्टीबीच छलफल चलिरहेको छ। यी तीन दलको बैठक आजै अपराह्न बस्दैछ।

सरकार हटाउन पार्टीले सक्रियता नदेखाएको भन्ने पार्टीका नेताको भनाइप्रति लक्षित गर्दै कांग्रेस सभापति देउवाले वास्तविकताको धरातलमा उभिएर अघि बढ्न पार्टी पङ्क्तिलाई निर्देशन दिए। उनले भने, "अहिलेको वास्तविकता बुझिदिनुस्, संसद्मा सङ्ख्या कम छ, दुई पटक बैठक बोलाउन प्रयास गरेकामा सङ्ख्या नै नपुगेर स्थगित भयो। नेपालको संविधानअनुरुप एक चौथाइ सदस्यले संसद् बोलाउन पनि हामीसँग सङ्ख्या पुग्दैन, त्यसैले यो गरेन त्यो गरेन भनेर नेतृत्वलाई आरोप मात्रै लगाएर हुन्न।" सोही कार्यक्रममा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले वर्तमान सरकारलाई हटाएर नयाँ सरकार गठनको प्रक्रियामा कांग्रेस अल्मलिनुहुन्न भन्ने भनाइप्रति प्रतिप्रश्न गर्दै सभापनि देउवाले अहिले परिस्थिति अनुकूल नभएको र जनताको घरदैलोमा पुगेर जनमत बनाएपछि सरकार बन्ने तर्क गरे। "जनताले पत्याएपछि कांग्रेस सरकारमा आइहाल्छ नि, जनता देशको मालिक हो, जनताको दिल जित्ने गरी मत मागौँ माहोल बनाऊ", सभापति देउवाले भने।

कांग्रेस सभापति देउवाले आफू प्रधानमन्त्री हुन लालायित नरहेको भन्दै अगाडि थपे, "म आफैँ प्रधानमन्त्री हुनुपर्छ भन्ने छैन, वास्तविक धरातलमा बसेर काम गर्नुपर्छ, अहिले परिस्थिति अनुकूल छैन, मैले मै प्रधानमन्त्री हुनुपर्छ भनेको छैन, व्यक्ति खडा गरौँ पार्टीको सिद्धान्त र आदर्शसँग कसैसँग सम्झौता गर्दिन।" पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका कांग्रेस सभापति देउवाले व्यवस्था अस्तव्यस्त बनाउन वर्तमान प्रधानमन्त्री उद्यत रहेको आरोप लगाउँदै यस किसिमका गलत प्रवृत्तिका विरुद्ध एकजुट हुन पनि आह्वान गरे। उनले निजामती ऐन खारेज गरेर कर्मचारी अनुकूल बनाउनेतर्फ आफ्नो पार्टीले सक्दो पहल गर्ने आश्वासन दिए।

कार्यक्रममा वरिष्ठ नेता पौडेलले तत्कालै निर्वाचनभन्दा पनि वर्तमान सरकारलाई हटाएर निर्वाचनको माहोल बनाउनुपर्नेमा जोड दिए। उनलेभने, "पार्टीको अधिवेशन नभएको बेलामा चुनावमा हाम फाल्नु हुन्न, लोकतन्त्रलाई बचाउन हामी आफैँले लोकतान्त्रिक आचरण देखाउनुपऱ्यो, चुनाव चुनाव हैन सत्ताको विकल्प खोजिनुपर्छ।" वरिष्ठ नेता पौडेलले पहिला पनि नेपाल कम्युनिष्ट पार्टी विभाजित भएको अवस्थामा कांग्रेसले सरकारको नेतृत्वको अवसर गुमाएको र अहिले पनि चुनौतीको अवस्था रहेको उल्लेख गरे। "एउटा अवसर अस्तिनै (संसद् पुनः स्थापना हुनुपूर्वको परिस्थिति) गुमाइसकेका छौँ, फेरि पनि जोखना हेरेर बस्दा टाउको समातेर रुनुपर्ने अवस्था आउनसक्छ, त्यसैले व्यवस्था बचाउनुपर्छ, सत्ता आफैं आउँछ", उनले भने उनले निजामती प्रशासनलाई दलको झण्डाभन्दा सेवामुखी भावनाका साथ व्यवस्थित र पारदर्शी बनाइनुपर्नेमा जोड दिए।

कांग्रेस उपसभापति विमलेन्द्र निधिले अहिलेको परिस्थितिमा कांग्रेस नेतृत्वमा सरकार बन्ने अवस्था नरहेकाले मुलुकमा ढिलो चाँडो निर्वाचन हुने हुँदा त्यस दिशातर्फ पार्टीलाई सक्रिय ढङ्गले परिचालन गरिनुपर्ने खाँचो औल्याए। महामन्त्री डा शशाङ्क कोइरालाले वर्तमान सरकारलाई नहटाएसम्म कांग्रेसको पक्षमा माहोल नबन्ने भन्दै आगामी निर्वाचन कांग्रेसको पक्षमा पार्न पनि अहिलेको सरकारको विकल्प खोज्नुपर्ने बताए। पार्टीका प्रवक्ता विश्वप्रकाश शर्माले वर्तमान सरकारले दल विभाजित भएको अवस्थामा जनमत गुमाएको भन्दै सरकारको विकल्प दिएर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउनुको विकल्प नरहेको बताए।



# यु-१९ दुईदिवसीय टेष्ट सिरिज कास्की रातोमाथि हरियोको ४८ रनको अग्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

यु-१९ दुईदिवसीय टेष्ट सिरिज अन्तर्गत शुक्रबार कास्की हरियोले ४८ रनले अग्रता लिएको छ। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित टेष्ट सिरिजमाा टस हारेर व्याटिङमा उत्रिएको कास्की रातो केवल ७८ रन बनाउने क्रममा सबै विकेट गुमाउन पुग्यो।

कास्की रातोले ३९ ओभर मात्रै खेल्यो । सस्तैमा समेटिने क्रममा सुवास भण्डारीले ५ विकेट लिए । अघिल्लो दिन कास्की निलोसँग बराबरीमा सिरिज टुग्याएको रातोले दोस्रो टेष्ट सिरिजमा



भने प्रभावकारी खेल देखाउन भने सकेन् । आफनो पहिलो इनिङ शुरु गरेको कास्की हरियोले ५ विकेटको क्षतिमा १२६ रन बनाई खेलिरहेको छ । पहिलो दिनको समाप्ती हुदाँ हरियोले सुवास भण्डारीको ४४ रन नटआउटमा १२६ रन बनाएको छ। पाँच विकेट अझै बाँकी छ। शनिबार विहान हरियोले आफनो पहिलो इनिङ टुग्याएर दोस्रो इनिङको लागि कास्की रातोलाई आमन्त्रण गर्ने छ। हरियोको लागि भण्डारीले ४४ रनमा क्रिजमा रहँदा सिब्रिन श्रेष्ठ भने ३२ रन बनाई आउट भईसकेका छन् । कृष्ण पौडेल र निर्मल तिमिल्सिनाले दुई दुई विकेट लिएका छन् । पोखरा क्रिकेट क्लबको प्रायोजन तथा कास्की क्रिकेट क्लबको व्यवस्थापनमा आयोजित प्रतियोगितामा तीन टोली टेष्ट सिरिजमा प्रतिस्पर्धा गर्ने छन् । टेष्ट सिरिजमा कास्कीसहित नवलपुर, बाग्लुङ, तनहुँ र स्याङजाबाट खेलाडी छनोट गरी टोलीमा समावेश गरिएको छ । प्रशिक्षक रिजन प्रजुका अनुसार टेष्ट सिरिजले क्रिकेट विकासमा नयाँ टेवा पुग्ने छ। शनिबार कास्की रातो र हरियो बीच दोस्रो दिनको खेल शुरु हुने छ।

# नवनिर्वाचित पदाधिकारीलाई लामा अमृत फाउण्डेशनद्वारा बधाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

नेपाल पत्रकार महासंघ कास्कीको नव निर्वाचित पदाधिकारीहरुलाई औपचारिक पहिलो बधाई तथा अभिनन्दन कार्यक्रम लामा अमृत फाउण्डेशनले गरेको छ।

शुक्रबार पोखरामा एक कार्यक्रमको आयोजना गर्दै फाउण्डेशनका अध्यक्ष अमृत गुरुङ लामाले नयाँ कार्य समितिलाई खादा, अबिर र पुष्पगुच्छाद्वारा बधाई दिएका हुन् ।

सो अवसरमा बोल्दै पत्रकार महासंघ कास्कीकी नवनिर्वाचित अध्यक्ष एवम् पहिलो महिला नेतृ विमला भण्डारीले निर्वाचनका बेला प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैप्रति धन्यवाद दिँदै आगामी दिनमा पत्रकारकै हकहितका विषयलाई प्रोत्साहन गर्ने हेतुले कार्यक्रम तय गर्ने बताईन् । उनले अब सबै मिलेर महासंघका साझा मुद्दाभित्र अडिक भएर लाग्ने प्रतिबद्धता व्यक्त गरिन् । पत्रकारितामा योगदान पुर्याएका व्यक्तिहरुको विशेषज्ञतालाई महासंघले



आत्मसाथ गर्दै आगामी कार्यक्रम तय गर्ने उनले बताइन् । उनले अब पोखरामा भएका सबै संघसंस्थासँग समन्वय गरेर महासंघ अगाडि बढ्ने बताईन् । महासंघले अघिल्लो कार्यकालमा बनाएका केही योजनाहरु अधुरो रहेको र त्यसलाई पूर्णता गर्ने जिम्मेबारी अहिलेको कार्यसमितिमा भएको उनले उल्लेख गरिन् । विगतका कार्यक्रमको निरन्तरता सँगै आफु नेतृत्वको कार्यसमितिले नयाँ योजना बनाएर उत्पादनमुखी पत्रकारितामा जोड दिने उनले बताइन् । लामा अमृत फाउण्डेशन घान्द्रुकका अध्यक्ष अमृत गुरुङले आफ्ना हरेक कार्यक्रममा पत्रकारको भूमिका उल्लेखनीय रहेको बताउँदै गुरुङले महासंघका कार्यक्रममा फाउण्डेशनको संलग्नता रहनेतर्फ जोड दिएका थिए । उक्त बधाई तथा सम्मान कार्यक्रममा नवनिर्वाचित सहसचिव श्रीराम सिक्देल, समावेशी सहसचिव रेम विक, महिला सदस्य सपना अधिकारी, दलित सदस्य विजय नेपाली, आदिवासी जनजाति सदस्य पदम कुमार श्रेष्ठ, र खुला सदस्यहरु गीता रानामगर, धन बहादुर गुरुङ (सुमन), युवराज गुरुङ (युनिश), सन्तोष सुवेदी, सन्तोष बस्याल, प्रभु अधिकारी लगायतको सहभागिता रहेको थियो ।

# राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाडको प्रवेश परीक्षा असारमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

आठौँ राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड २०२१ को पहिलो चरणको परीक्षा आगामी असार १२ गते शनिबार हुने भएको छ।

यही चैत २८ गते परीक्षा गर्ने सम्पूर्ण तयारी पूरा भइसकेकामा देशका विभिन्न स्थानबाट शिक्षक तथा विद्यार्थीले कोभिड-१९ ले सिर्जना गरेको परिस्थितिमा भाग लिन नसक्ने जानकारी गराएपछि केही समय सारिएको नेपाल एस्ट्रोनोमिकल सोसाइटीले जनाएको छ।

देशभर परीक्षाका तयारी भए पनि कोरोना महामारी पुनः फैलन थालेकाले पछि सार्न अनुरोध भएको सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए । आठौँ राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाडको पहिलो चरणमा सहभागी विद्यार्थीको अन्तर्राष्ट्रिय सहभागिताको अवसर नगुम्ने गरी आउँदो असार १२ गते शनिबार परीक्षा सञ्चालन गर्ने निर्णय सोसाइटीको बैठकले गरेको उनले बताए । यो निर्णयसँगै परीक्षाको आवेदन पुनः खुलाइएको छ । बैठकले आवेदन दिने अन्तिम मिति आउँदो असार ५ गतेसम्म कायम गरेको छ। इच्छुक विद्यार्थीले आफ्ना विद्यालय तथा विज्ञान शिक्षकमार्फत् वा सोझै सोसाइटीका प्रदेश संयोजकलाई आफ्ना आवेदन दिन सक्नेछन् । यसो गर्न पनि सम्भव नहुने विद्यार्थीको हकमा इमेलमार्फत आवेदन दर्ता गराउन सकिने व्यवस्था समेत गरिएको छ।

# सूर्य नेपालद्वारा म्याग्दे गाउँपालिकालाई एम्बुलेन्स सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

बहुराष्ट्रिय कम्पनी सूर्य नेपाल प्रालिले तनहुँको म्याग्दे गाउँपालिकालाई एम्बुलेन्स सहयोग गरेको छ।

सामाजिक उत्तरदायित्व वहनअन्तर्गत सूर्य नेपालले गाउँपालिकालाई एम्बुलेन्स सहयोग गरेको हो। तनहुँको शुक्लागण्डकी नगरपालिका-७ शेराटारस्थित चुरोट कारखानाका व्यवस्थापक बाबुराम कार्कीले गाउँपालिकाका अध्यक्ष मायादेवी राना र उपाध्यक्ष बालकृष्ण घिमिरेलाई बिहीबार एम्बुलेन्सको साँचो हस्तान्तरण गरेका थिए।

कारखानाका व्यवस्थापक कार्कीले सामाजिक उत्तरदायित्व वहनअन्तर्गत कम्पनीले विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको बताए । उनले यस क्षेत्रको समग्र विकासका लागि स्थानीयवासीसँग सहकार्य गर्दै अगाडि बढ्ने बताए । गाउँपालिकाका अध्यक्ष रानाले कम्पनीले गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै एम्बुलेन्सले सर्वसाधारणलाई सहजरूपमा स्वास्थ्य सेवा प्रवाह गर्न सहज हुने बताए। रानाले सूर्य नेपालबाट यस क्षेत्रमा भइरहेको सहयोगको उच्च मूल्याङ्कन गर्दै भविष्यमा समेत यस्तै सहयोगको अपेक्षा गरे। अब म्याग्दे गाउँपालिकामा दुईवटा एम्बुलेन्स सेवा सञ्चालनमा आएको छ । यस अगाडि गाउँपालिकाले आफैँले पनि एम्बुलेन्स खरिद गरेको थियो । दुईवटा एम्बुलेन्स भएसँगै गाउँपालिकाका ग्रामीण भेगका सर्वसाधारणले सहजरूपमा सेवा पाउने गाउँपालिकाका प्रशासन शाखा प्रमुख प्रदीप न्यौपानेले जानकारी दिए।

सूर्य नेपालले विसं २०७७ असोज १४ गते शुक्लागण्डकी नगरपालिकालाई पनि एम्बुलेन्स हस्तान्तरण गरेको थियो। सूर्य नेपालले विगत लामो समयदेखि शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार तथा अन्य सामाजिक विकासका विभिन्न क्षेत्रमा थुप्रै सहयोग गर्दै आइरहेको छ।

सूर्य नेपालले विसं २०४३ देखि सिमरामा चुरोट उत्पादन गर्दै आएको छ । तराईमा असुरक्षा महसुस गर्दै कम्पनीले छ वर्ष अगाडि तनहुँको शुक्लागण्डकी नगरपालिकामा उद्योग स्थापना गरेको थियो।

# होटल म्यानेजमेन्ट कलेजमा विएचएम र बिबिएका विद्यार्थीको स्वागत तथा उत्प्रेरणा कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

पोखराको नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजले विद्यार्थीहरुका लागी शुक्रबार स्वागत तथा उत्प्रेरणा कार्यक्रम गरेको छ।

आगामी शैक्षिक सत्रको विएचएम, विविए र विविएविआईमा नयाँ भर्ना भएका विद्यार्थीलाई कलेजका अध्यक्ष अशोक पालिखे प्रीन्सिपल प्रकाश रेग्मी लगायतले माला खादाले स्वागत गरेको थिए। कार्यक्रममा बोल्दै कलेजका अध्यक्ष पालिखेले सन् १९९८ मा स्थापित नेपालकै पहिलो पोखराको नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज अहिले




धेरै विद्यार्थीको रोजाईमा पर्ने कलेज बनेकोमा खुसी व्यक्त गरे। पालिखेले सबै विद्यार्थीलाई राम्रो अध्ययन गर्न र भविष्यमा सफल व्यवस्थापक बन्न शुभकामना दिएका थिए । सोहीअवसरमा नेपालका चर्चित मोटिभेसनल स्पीकर रबिन कट्वालले विद्यार्थी, अभिभावक र कलेजका प्रध्यापकहरुलाई करिव २ घण्टाको उत्प्रेरणामूलक भनाई राखेका थिए । विद्यार्थी र अभिभावकका लागी यो कार्यक्रम अत्यन्त फलदायी भएको प्रिन्सिपल प्रकाश रेग्मीले बताए।

# जन्मोत्सवमा रेडक्रसलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

पोखरा-८, सृजनाचोकमा अवस्थित सृजना आवासीय मा.वि.को कक्षा १० मा अध्ययनरत छात्रा चाँदनी भण्डारीले रेडक्रसलाई आर्थिक सहयोग प्रदान गरेर आफ्नो जन्मोत्सव मनाएकी छन्।

उनले युवा रेडक्रस सर्कल सृजना आवासीय माध्यमिक विद्यालयका शिक्षक नायक रीता आचार्यलाई नगद रु. १,५०५/- आर्थिक सहयोग प्रदान गरेकी छन् । दुःख, पीडा लगायत विभिन्न विपत्तिले आहत भएका मानवको सहयोग गर्ने सेवा भाव अन्तरमनदेखि नै जागृत भएकाले जन्मदिनको अवसरमा फजुल खर्च कटौति गरी विद्यालयको युवा रेडक्रसलाई सहयोग गरेको कुरा



उनले बताइन्।

विद्यालयका प्राचार्य एवम् नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका सभापति डोलराज पाण्डेले प्रशंसापत्र प्रदान गर्दै पश्चिमी संस्कृतिको प्रभावका कारण आधुनिक समाजमा विभिन्न उत्सवहरू मनाउन तारे होटलहरूमा जाने प्रवृत्ति बढ्दै गएको छ। यस्तो प्रवृत्तिलाई हटाएर दुःखी, असहायहरूको चर्केको घाउमा मलम पट्टी लगाउँदै आफ्ना उत्सवहरू मनाउँदा व्यक्ति, समाज सबैलाई फाइदा हुनुका साथै बालबालिकाहरूमा पनि समाज सेवाको भावना जागृत हुने कुरा बताउनुभयो।

# नेपाल पत्रकार महासंघ काठमाडौँमा सुवेदी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

नेपाल पत्रकार महासङ्घ काठमाडौँको अध्यक्षमा सूर्य सुवेदी विजयी हुनुभएको छ।

महासंघकाठमाडौँकोबिहीबार राति सम्पन्न मतपरिणामअनुसार सुवेदी ७१३ मत ल्याएर विजयी हुनुभएको हो । उहाँका निकटम प्रतिद्वन्द्वी मोहन पन्तले ३३७ मत प्राप्त गर्नुभएको छ । यस्तै उपाध्यक्षमा रामचन्द्र दुलाल (भाञ्जा), महिला उपाध्यक्षमा अप्सरा गौतम, सचिवमा महेश्वर गौतम, सहसचिवमा अर्जुन डोटेल र कोषाध्यक्षमा अजित अधिकारी विजयी हुनुभएको छ।

यसैगरी खुला सदस्यमा कमलराज राई, कृष्णप्रसाद ढुङ्गेल, कृष्णराज गौतम, बुद्ध योञ्जन लामा, रमेशकुमार बोहरा, रमेश लामिछाने, रीना श्रेष्ठ र शैलेश डङ्गोल विजयी हुनुभएको छ।

मधेशी सदस्यमा मीनाकुमारी यादव, दलित सदस्यमा शोभा नेपाली, समावेशी सदस्यमा दीपक काफ्ले र महिला सदस्यमा शोभा अर्याल विजय हुनुभएको छ । देशभरको सबैभन्दा धैरै मतदाता रहेको काठमाडौँ शाखाको बुधबार सम्पन्न निर्वाचनमा एक हजार २३४ मत खसेको थियो।




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पाँच किलोमिटर सिँचाइ कुलो निर्माण

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

जिल्लाको काठेखोला गाउँपालिका-७ रेशमा एकै वर्षमा पाँचवटा सिँचाइ आयोजना निर्माण भएका छन् । गण्डकी प्रदेश सरकार, काठेखोला र वडा कार्यालयले समेत बजेटको परिचालन गरेर पाँच किलोमिटर सिँचाइ कुलो निर्माण गरिएको हो ।

गत वर्ष शुरुआत भएका दुई आयोजना र चालु आर्थिक वर्षमा विनियोजन भएका तीन आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । रेशको झण्डै ५०० हेक्टर क्षेत्रफलमा सिँचाइ हुने गरी ती आयोजना निर्माण भएको वडाध्यक्ष प्रेम लामिछानेले बताउनुभयो । साविक रेश गाउँविकास समितिको वडा नं ५, ६ र ७ को अधिकांश जमिनमा सिँचाइ पुग्ने गरी ३.५ किलोमिटर देउराली सिँचाइ आयोजना निर्माण भएको छ ।

गण्डकी प्रदेश सरकारको रु दुई करोड ५० लाखमा निर्माण सम्पन्न हुने चरणमा रहेको यो आयोजनाबाट झण्डै २०० हेक्टर जमिनमा सिँचाइ गर्न सकिने स्थानीय अगुवा ओमबहादुर थापाले बताउनुभयो । यो आयोजनाको ९० प्रतिशत काम सम्पन्न भएको छ । रेशखोलाबाट पानी ल्याउने गरी निर्माण भएको यो आयोजना आगामी असार मसान्तसम्म सबै काम सकिने छ । साङ्खोलाको पानी किसानको खेतबारीमा पुग्ने गरी रेशमा अर्को ठूलो आयोजना डोटासाङ खोला सिँचाइ आयोजना निर्माण सम्पन्न भएको छ । एक किलोमिटर लामो सिँचाइ आयोजना गत आर्थिक वर्षमा ४०० मिटर र चालु आर्थिक वर्षमा ६०० मिटर निर्माण गरिएको हो । चालिस हेक्टर क्षेत्रफल रहेको जमिनका लागि सिँचाइ पुऱ्याउन गण्डकी प्रदेश सरकारको रु ५४ लाख अनुदानमा आयोजना निर्माण भएको हो ।

काठेखोला गाउँपालिकाको रु ५० लाख अनुदानमा साङ् खोला सिँचाइ आयोजना निर्माण सम्पन्न भएको छ । रेशको सबैभन्दा ठूलो फाँटका लागि बनाइएको यो आयोजनाबाट २०० हेक्टर जमिनमा सिँचाइ हुनेछ । आठ सय मिटर लामो कुलो यसै आवमा निर्माण सम्पन्न भएको वडाध्यक्ष लामिछानेले बताउनुभयो । वडा कार्यालयले आफ्नै लगानीमा दामगाडे सिँचाइ आयोजना र सिम्ले सिँचाइ आयोजना निर्माण गरेको छ । झण्डै २० हेक्टर क्षेत्रफलका लागि निर्माण गरिएका आयोजनाको लागि वडा कार्यालयले रु सात लाख खर्चेको छ । "खोलामा पानी बग्ने, खेतबारी हिउँदमा बाँझै रहने समस्या अब हट्ने छ", स्थानीय युवराज गौतमले भन्नुभयो, "रेशमा यो वर्ष बनेका सिँचाइ आयोजनाले किसानलाई उत्साहित बनाएको छ ।" पानीको प्रसस्तै स्रोत रहेको रेशमा सिँचाइ कुलोको अभावमा खेतबारी बाँझै रहने समस्या थियो । सिँचाइ आयोजना बनेपछि हिउँदको समयमा खेतबारी हराभरा हुने अध्यक्ष लामिछानेले बताउनुभयो । "अब रेशको तल्ला फाँटमा तीनखेती हुन्छ, माथिल्लो भूभागमा तरकारी उत्पादन बढ्छ", उहाँले भन्नुभयो, "हामीले लामो प्रयासपछि वडाका अधिकांश भागमा पुग्ने गरी सिँचाइ आयोजना बनाएका छौँ ।" वडाले वर्षामा भलको पानी तर्काउने र हिउँदमा खोलाको पानी फाँटमा पुऱ्याउने गरी सडक छेउबाट कुलो निर्माण गरेको छ ।

# समता : सबैका लागि शिक्षा

निर्धारित समयमा हामी पुग्दा प्रस्याङ्ग, मालेपाटनमा अवस्थित समता शिक्षा निकेतनमा विद्यार्थीहरु अनुशासित पुर्वक पढिरहेका थिए । शान्त वातावरण, अनुशासित विद्यार्थी र कर्मशिल शिक्षकहरुलाई देख्दा ज्ञानको भुमीमा पुगेको आभास भएको थियो । त्यसमा पनि कलात्मक तरीकाले सजाइएका बाँसले निर्मित कक्षा कोठा अनि वरिपरीको मनोरम दृश्यले त गुरुकुल कै झल्को दिन्थ्यो । समताका संस्थापक उत्तम सन्जेलको परिकल्पनामा, सबैका लागि शिक्षा भन्ने नाराका साथ २०५७ सालमा काठमाडौंको जोरपाटीमा मासिक रु १०० शुल्कको स्कुलको बीजारोपण गर्नुभएको थियो । अहिले त्यो स्कुल, विभिन्न सफलताका फुलहरु सँगै झाङ्गिएर नेपालका विभिन्न ठाउँ सहित ईन्डिया, श्रीलंका, म्यान्मार देखि बंङ्लादेशसम्म फैलिएको छ । जसमा अध्ययनरत करीब ४० हजार विद्यार्थीहरुले आफ्नो सुनौलो भविष्य कोरिरहेका छन् । त्यसको १० वर्ष पछी, २०६७ सालमा शुरु गरिएको पोखराको समतामा पनि करीब १००० जना विद्यार्थीलाई ४५ जना शिक्षक कर्मचारीहरुले शैक्षिक दिशानिर्देश गर्दै हुनुहुन्छ । समतालाई अझै नजिकबाट नियाल्ने प्रयास स्वरुप समता शिक्षा निकेतन पोखराका प्रिन्सिपल झलक प्रसाद शर्मा सँग पोखरापत्र दैनिकका दीपेन्द्र पहारीले गर्नुभएको कुराकानी ।



झलक प्रसाद शर्मा
प्रिन्सिपल
समता शिक्षा निकेतन, पोखरा

**▶▶ विद्यालयप्रती आम जनसमुदायको धारणा कस्तो पाउनुभएको छ ?**

विद्यालयका शुरुवाती दिनहरुमा निकै कठिनाई भोग्नुपऱ्यो । निजी शैक्षिक संस्थाहरुबाट, आर्थिक रुपमा सस्तो शुल्कको विद्यालय खोलेर हामीलाई चुनौती दिने, जस्ता खालका आरोप पनि झेल्नु पर्यो । अन्यले विदेशी डलरबाट चल्ने स्कुल भनेर भ्रम पनि फैलाए । यती कम शुल्कमा कसरी गुणस्तरीय शिक्षा दिन सकिन्छ भनेर कैयौले शंका पनि नगरेका होइनन् । तर जब पहिलो एस.एल.सी ब्याचको नतिजा उत्कृष्ट आयो, तब पोखरा मात्र नभएर पर्वत, स्याङ्जा, म्याग्दी, बाग्लुङ लगायतका जिल्लाहरुबाट विद्यार्थीहरु समतामा पढ्न आउन थाले । हाल आएर हामीले प्राप्त गरेको शैक्षिक उपलब्धीले गर्दा समुदाय लगायत सबैको विश्वास जितेका छौ र सबै जना विद्यालय प्रति सकारात्मक भएको पाएका छौ ।

**▶▶ विद्यालयका उपलब्धिहरुलाई कसरी मापन गर्नुहुन्छ ?**

यस विद्यालयबाट उत्तीर्ण विद्यार्थीहरु नेपालका प्राय जसो सबै विश्वविद्यालयहरुमा मेडिकल, ईन्जिनियरिङ लगायतका विषयहरुमा छात्रवृत्ति पाउन सफल भएका छन् । त्यति मात्र नभई, अष्ट्रेलिया, न्यूजील्यान्ड जस्ता मुलुकहरुमा छात्रवृतीमै उच्च अध्ययन गरिरहेको थाहा पाउदा गर्वको महशुस हुन्छ ।

**▶▶ विद्यालयको सफलताको पछाडि के कारण छ ?**

हामी संस्कार सहितको शिक्षामा बढी जोड दिन्छौ । जस्तै, नमस्कारबाट शुरु भएको दिन नमस्कार बाटै अन्त्य गर्न सिकाउछौ । तसर्थ, पहिला अनुशासन अनि दोस्रो शिक्षा भन्ने तथ्यलाई अङ्गिकार गर्दै लगेकाले सफलता मिलेको हो भन्ने विश्वास छ ।

**▶▶ समताको सिकाइ प्रक्रिया, के कुरामा पृथक छ ?**

शैक्षिक सिकाइ र रचनात्मक कृयाकलापमा विद्यार्थीहरु स्वतन्त्र छन् । विद्यालयप्रतिको लगावले नै विद्यार्थीहरुलाई अझ धेरै मेहेनत गर्न अभिप्रेरित गरिराखेको छ । त्यसमा शिक्षक वर्गको शिक्षण कुशलताले प्रमुख भूमिका खेलिरहेको छ । शायद यिनै पक्षहरुमा हामी पृथक छौ ।

**▶▶ कस्ता किसिमका चुनौतिहरु सामना गरिरहनु भएको छ ?**

कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्नु आँफैमा एक चुनौतिपूर्ण कार्य हो । यद्यपी धेरै मनकारी व्यक्ती तथा संस्थाको सहयोगमा हामीले सो चुनौती पार गर्दै शैक्षिक यात्राका अघि बढिरहेका छौ । विद्यालयलाई भौतिक पुर्वाधारको हिसाबले अझै सुधार गर्दै लैजानुपर्ने अर्को चुनौती थपिएको छ । जसका लागि पनि सहयोगी मनहरुको अपेक्षा गरेका छौ ।

**▶▶ कस्ता विद्यार्थीहरु लक्षित समुहमा परेका छन् ?**

समतामा सबै किसिमका विद्यार्थीहरु अध्ययनरत छन् । यसमा पनि न्युन आय भएका अभिभावकहरु परिस्थितीवस बसाई सराई गर्दा कति राम्रा विद्यार्थीहरुहरुले पनि बीचमै हाम्रो स्कुल छाडी अन्य बिद्यालय जानुपर्दा दुख लाग्छ । तर केही अभिभावकहरुले टाढा बसाई सराई गरेपनी आफ्ना छोरा छोरीहरुलाई टाढैबाट हाम्रा स्कुलमा पढ्न पठाउनहुन्छ, जुन एकदम सकारात्मक रुपमा लिएका छौ ।

**▶▶ विद्यार्थीहरुको आर्कषण बढ्नाको कारण के होला ?**

आफ्ना दाइदिदीहरु, आफन्त र छरछिमेकमा रहेका समताबाट सफलता प्राप्त गरेका विद्यार्थीहरु देखेर नै नयाँ विद्यार्थीहरु समतामा आफ्नो भविष्य सुनिश्चित बनाउन आउछन् । अनी अर्को कुरा, यहाँको अध्ययनशिल वातावरणले जो कोहीलाई पनि आकर्षण गर्ने गर्दछ ।

**▶▶ समताबाट उतिर्ण विद्यार्थीहरुको निजामती सेवामा प्रवेश गर्न कत्तिको इच्छुक पाउनुभएको छ ?**

हाम्रा विद्यार्थीहरुको निजामती क्षेत्र प्रती निकै लगाव छ । एउटा उदाहरण का लागि, एस.एल.सी २०७२ ब्याचका पुर्व विद्यार्थी अर्जुन सुबेदीले नेपाल आर्मी को सेकेन्ड लेफ्टिनेन्ट हुन सफल भए । तर ईंग्लिश मीडियममा पढेका विद्यार्थी लाई लोकसेवाको परीक्षा दिदा अनुवादमा समस्या देखिएको छ । जसले गर्दा आशातित नतिजा हासिल गर्न सकिरहेका छैनन् । त्यसैले, निकट भविष्यमै उत्तिर्ण विद्यार्थीहरुलाई लक्षित गरी विशेष तयारी सत्रहरु सन्चालन गर्ने सोचमा छौ ।

**▶▶ भविष्यका योजना के कस्ता छन् ?**

हामी छिट्टै नै नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिएको, यहिको माटो र भुगोल सुहाउदो कृषिमा उच्च शिक्षा प्रदान गर्ने तयारीमा जुट्दै छौ । यस कार्यमा सबैको साथ र सहयोग मिल्ने नै छ भन्ने विश्वास लिएका छौ । किनकी कृषिबाट नै समग्र देशको समृद्धिको कल्पना गर्न सकिन्छ ।

# बेलायतका राजकुमार फिलिपको निधन

रासस
काठमाडौं, २७ चैत

बेलायतकी महारानी एलिजाबेथ द्वितीयाका श्रीमान् राजकुमार फिलीपको ९९ वर्षको उमेरमा निधन भएको बकिङ्घम राजदरबार स्रोतले घोषणा गरेको छ ।

सन् १९४७ मा एलिजावेथसँग बिहे गर्नुभएका राजकुमार फिलिपले बेलायतकी महारानीसँग ७३ वर्षसम्म वैवाहिक जीवन विताउनुभएको राजदरबार स्रोतले पुष्टि गरेको छ । उहाँहरूको विवाह भएको पाँच वर्षपछि मात्र एलिजावेथलाई महारानी बन्नुभएको थियो ।

बेलायतको बकिङ्गम रादरबारले राजकुमार फिलिपको मृत्यु भएको पुष्टि गर्न जारी गरेको विज्ञप्तिमा भनिएको छ, "गहिरो दुखका साथ महारानीले उहाँका प्रिय श्रीमान् 'ड्यूक अफ एडिनबरा' राजकुमार फिलिपको मृत्यु भएको घोषणा गर्नुभएको छ ।" "फिलिपको शुक्रबार बिहान 'विन्डसर क्यासल' मा निधन भएको छ ।" 'द ड्यूक अफ एडिनबरा'को उपाधिले चिनिने राजकुमार फिलिपलाई एक महिना बेलायती अस्पतालमा भर्ना गरी उपचारपछि उहाँको निवासमा लगिएको थियो । राजकुमार फिलिप र रानीका चार सन्तान, आठ नातिनातिनी र १० जना पनातिपनातिनीहरू हुनुहुन्छ । राजकुमार फिलिप 'ग्रीक आइल्यान्ड अफ कोर्फु'मा सन् १९२१, जुन १० मा जन्मिनुभएको थियो । उहाँ हेलेन्सका राजा जर्ज प्रथमका कान्छा छोरा हुनुहुन्थ्यो ।

# नेपाल र भारतका परराष्ट्रमन्त्रीबीच फोन वार्ता

रासस
काठमाडौं, २७ चैत

नेपाल र भारतका परराष्ट्रमन्त्रीबीच शुक्रबार टेलिफोन वार्ता भएको छ । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र भारतका बाह्य मामिलामन्त्री एस.जयशङ्करबीच भएको वार्तामा कोभिड-१९ को महामारीविरुद्ध लड्ने तथा त्यसलाई परास्त गर्ने निरन्तर सहयोग आदानप्रदान गर्न सहमति भएको छ । दुबै देशका परराष्ट्रमन्त्रीले कोभिड-१९ महामारीविरुद्धको लडाइँमा थप सहयोगको अभिवृद्धि गर्नेसहित खोपको आपूर्तिबारे विचारविमर्श गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्रमन्त्री ज्ञवालीले कोभिड महामारीविरुद्धको नेपालको लडाइँमा १० लाख मात्रा कोभिशिल्ड खोप उपलब्ध गराएकामा भारत सरकारप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : शारिरीक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : मन चञ्चल | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

## बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


## हार्दिक समवेदना

जन्म
वि.स.२००६/०९/२५



स्वर्गारोहण
वि.स. २०७७/१२/१६

स्व. इन्द्रप्रसाद बास्तोला

यस चण्डीमाई सेवा समिति पोखरा-९ का आजिवन सदस्य इन्द्रप्रसाद बास्तोलाको ७१ वर्षको उमेरमा असामायिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखद् घडिमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

तेजबहादुर भुजेल
अध्यक्ष एवं
चण्डीमाई सेवा समिति परिवार
दरबारथोक, पोखरा-९, कास्की

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९८८/०५/०४ गते

स्वर्गारोहणः
वि.स. २०७७/१२/१९ गते

स्वः लक्ष्मी सुवाल

हाम्रा आत्मीय मित्र एवम् साथीभाइ गोबिन्द सुवाल, वसन्त सुवाल, गणेश सुवाल तथा कृष्ण सुवालकी ममतामयी आमा **लक्ष्मी सुवाल** को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनु भएको दुःखत घडिको आज १० औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान होस भनी हार्दिक समबेदना ब्यक्त गर्दछौं ।

मित्र तथा साथीभाइहरू :-
आनन्द मान तम्राकार
आम्बर बहादुर गुरुङ
सनक मान सिके
वसन्त उदास
प्रेम बहादुर गुरुङ
राजेन्द्र ताम्राकार
भुपेन्द्र श्रेष्ठ
लाल बहादुर परियार
लाल बहादुर लामा
लालबाबु गिरी
बि एन्ड बि हार्डवयर्स एन्ड पेन्ट्स
नदीपुर, पोखरा-३

# बन्दीपुरको संस्थागत स्वमूल्याङ्कन नतिजा सार्वजनिक

**पोखरापत्र संवाददाता**
**दमौली, २७ चैत**

तनहुँको बन्दीपुर गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन नतिजा सार्वजनिक भएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरूको संस्थागत क्षमता मूल्याङ्कनका लागि १० विषयगत क्षेत्रमा तीन स्थितिहरू विभाजन गरी उक्त नतिजा सार्वजनिक गरेको हो । समग्र, प्रक्रियागत र परिमाणात्मक स्थिति विभाजन गरी १०० सूचकमा रही स्थानीय तहले अनलाइनमै सूचक अङ्क आवश्यक कागजात र प्रमाण पेश गरी दाबी गर्ने व्यवस्था गरिएको थियो । स्वमूल्याङ्कन नतिजा प्रकाशन गर्ने बन्दीपुर गाउँपालिका गण्डकी प्रदेशमै पहिलो स्थानीय तह हो। बन्दीपुर गाउँपालिकाको स्वमूल्याङ्कन गर्दा ६५ प्रतिशत नतिजा प्राप्त भएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले समग्र स्थितिमा ७३.८१, प्रक्रियागत स्थितिमा ५५.८८ र परिमाणात्मक स्थितिमा ६७.७८ प्रतिशत अङ्क हासिल गरेको छ। शासकीय प्रबन्धतर्फ ७५, सङ्गठन तथा प्रशासनतर्फ ५६.२५, वार्षिक बजेट तथा योजना व्यवस्थापनतर्फ ५९.०९, वित्तीय एवं आर्थिक व्यवस्थापन ७२.७३, सेवा प्रवाहतर्फ ७१.८८, न्यायिक कार्य सम्पादनतर्फ ७१.४३, भौतिक पूर्वाधारतर्फ ७३.०८, सामाजिक समावेशीकरणतर्फ ५२.५, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनतर्फ ६६.६७ र सहकार्य र समन्वयतर्फ ३३.३३ प्रतिशत अङ्क प्राप्त भएको गाउँपालिकाले जनाएको छ।

स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिहरूका बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमीकमजोरीको जानकारी लिन, आवधिक समीक्षाका लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाको बीचमा तुलनायोग्य सूचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनका लागि मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि बनाएको थियो । मन्त्रालयको कार्यविधिअनुसार शासकीय प्रबन्धतर्फ नौ, सङ्गठन तथा प्रशासनतर्फ आठ, वार्षिक बजेट तथा योजना व्यवस्थापनतर्फ ११, वित्तीय एवं आर्थिक व्यवस्थापन ११, सेवा प्रवाहतर्फ १६, न्यायिक कार्य सम्पादतर्फ सात, भौतिक पूर्वाधारतर्फ सात, सामाजिक समावेशीकरणतर्फ १०, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनतर्फ नौ र सहकार्य र समन्वयतर्फ छ कूल भार निर्धारण गरिएको छ।

# एक दिनको बाटो तीन घण्टामा छोटियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ चैत**

धवलागिरि गाउँपालिका-५ मल्कवाङका हरि छन्त्याल घरबाट हिँडेको तीन घण्टामै बेनी आइपुग्नुहुन्छ। गाडी चढेर मल्कवाङबाट हिँडेको तीन घण्टामै बेनी आउन पाएकामा छन्त्याल दङ्ग पर्नुभयो। "यसअघि बिहानै हिँडेर साँझमा घर पुगिन्थ्यो", उहाँले भन्नुभयो, "गाउँमा सडक पुगेकाले छिटो र सजिलो भएको छ।"

धवलागिरि-४ मुदीका विजय घर्तीमगरले दुई हजार लिटर भिरमह गाउँबाट सिधै पोखरा पुर्‍याएर बेच्नुभयो । "जडीबुटी र मह ढुवानी गर्न व्यापारीले हेलिकोप्टर चार्टर्ड गर्थे", उहाँले भन्नुभयो, "सडक आएपछि गाडीमा सस्तो र सजिलै बजारमा मह लैजान पाइयो ।" भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने मुदी र मल्कवाङ सडक सञ्जालमा जोडिएपछि स्थानीयवासीलाई आवतजावत, ढुवानी र गाउँका जडीबुटी, कृषि उपज र खसीबोका निकासी गर्न सहज भएको छ। यसअघि सडक र यातायात सुविधा नहुँदा घोडा, खच्चर र भरियाबाट दैनिक उपभोग्य सामान ढुवानी गर्दा महङ्गो पर्थ्यो। सडक निर्माण भएपछि डेढ घण्टाको बाटो २० मिनेटमा छोटिएको मुदीका धनबहादुर घर्तीमगरले बताउनुभयो। फलियागाउँबाट दर हुँदै मुदी र मराङको बैँशीबाट आरवाङ हुँदै मल्कवाङ जोड्ने सडकमा जीप, ट्र्याक्टर र मोटरसाइकल चल्न थालेका छन्। विसं २०७३ मा शुरु भएको छ किलोमिटर दूरीको मुना-मुदी सडक निर्माणमा तत्कालीन जिविस र गाउँपालिकामार्फत रु तीन करोडभन्दा बढी लगानी भएको छ। "अक्करे र जोखिमयुक्त सिम्वाङको भिरलगायतका ठाउँमा पहाड फुटाएर बस चल्ने सडक बनाएका छौँ", धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले भन्नुभयो, "मुदी, खिवाङ, नेरवाङ, नाउरा, बगर, चेचुङ, सिम्कोसका करिब एक हजार घरधुरी लाभान्वित भएका छन्।" प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालयले रु एक करोड ५२ लाखको लागतमा मराङको बैँशीबाट आरवाङ-हाङवाङ हुँदै मल्कवाङ जोड्ने ११ किलोमिटर सडक निर्माण गरेको हो। मल्कवाङ, मलम्पार, भेडिखाल्टाका साथै छिमेकी रघुगङ्गा गाउँपालिकाको कुइनेखानीका करिब ५०० घरधुरी लाभान्वित भएका वडाध्यक्ष खर्ककुमारी छन्त्यालले बताउनुभयो। "यस सडकले मराङको आरवाङ, रिखा, घण्टीवाङ, हाङवाङका डेढ सय घरधुरीलाई पनि सुविधा पुगेको छ", उहाँले भन्नुभयो, "बैँशीबाट पैदलयात्रा गरेर मल्कवाङ पुग्न दुई घण्टा लाग्दथ्यो।

# भारतमा एकै दिनमा एक लाख ३२ हजार संक्रमित

**रासस**
**काठमाडौं, २७ चैत**

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन तीव्र रुपमा बढ्दै गएको छ।

पछिल्ला केही दिनदेखि दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन्। दिन प्रतिदिन दैनिक सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै सवैभन्दा धेरै हुँदै गएको छ। यो सङ्ख्या अहिले बढेर झण्डै एक लाख ३२ हजारमा पुगेको छ। स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टा एक लाख ३१ हजार ९६८ पुगेको हो। भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या एक करोड ३० लाख ६० हजार ५४२ पुगेको अधिकारीहरुको भनाइ छ । यही हप्ता दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी पुगेको शुक्रबार चौथो पटक हो । यसअघि गत सोमबार एक लाख तीन हजार ५५८ जना सङ्क्रमित भएका थिए भने बुधबार एक लाख १५ हजार ७३६ जना सङ्क्रमित भएका थिए।

त्यसैगरी बिहीबार एक लाख २६ हजार ७८९ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको तथ्याङ्क मन्त्रालयले सार्वजनिक गरेको थियो । भारतमा पछिल्लो २४ घण्टामा ७८० जनाको मृत्यु भएको छ भने अहिलेसम्म कूल मृतकको सङ्ख्या एक लाख ६७ हजार ६४२ पुगेको छ।

मन्त्रालयका अनुसार भारतमा अहिले पनि नौ लाख ७९ हजार ६०८ जना सङ्क्रमित अवस्थामै रहेका छन्। त्यसैगरी कूल एक करोड १९ लाख १३ हजार २९२ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्क छ।

# बतावरण संरक्षणमा सराङकोटको सहकार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ चैत**

रेडियो सराङकोटको सहकार्यमा वातावरण संरक्षणमा सवैको सहभागिता अभियानको सुरुवात गरेको छ।

सहकारी र रेडियाका कर्मचारीहरुलाई बातावरण मैत्री झोलावितरण गर्दै सहकारीका अध्यक्ष प्रेमवहादुर जिसीले सो अभियान सुरुवात गरेका हुन्। रेडियोका हरेक कार्यक्रममा उपस्थित हुने पाहुनालाई झोला हस्तान्तरण गर्दै अभियानलाई थप प्रभावकारी वनाइने रेडियोका कार्यकारी निर्देशक कृष्ण थापाले जानकारी दिएका छन् । सोही कार्यक्रममा नेपाल



पत्रकार महासंघको भर्खरै सम्पन्न निर्वाचनमा महासंघको राष्ट्रिय परिषद सदस्य पदमा सर्वाधिक मत ल्याएर विजयी हुन सफल भएको भन्दै रेडियोका समाचार प्रमुख कमल पौडेल अथकलाई बधाई सम्मान गरेको छ। एक पेशागत र निष्ठावान पत्रकारको विजयले संस्थाको गरिमा झन् वढाएको रेडियोका निर्देशक इन्द्रकमल मानन्धरले बताईन्।

कार्यक्रममा सम्मान ग्रहण गर्दै नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य कमल पौडेल अथकले आफूलाई विजय गराउने पत्रकारहरु प्रति आभार व्यक्त गर्दै आगामी दिनमा पत्रकारिता पेशामा जिम्मेवारी झन् थपिएको वताए।

संस्थाका अध्यक्ष प्रेमवहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका व्यवस्थापक सुरेन्द्र थापा, रेडियोका व्यवस्थापक योगेन्द्र श्रेष्ठ, वजार व्यवस्थापक सुशील श्रेष्ठ, कर्जा सहायक सरिता पौडेल, कार्यालय सहायक इश्वरी श्रेष्ठ लगायतले अभियानले वतावरण संरक्षणमा सकारात्मक सन्देश दिने वताए।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. २००६/०९/२५ गते

स्वर्गारोहणः
वि.स. २०७७/१२/१६ गते

**स्वः इन्द्र प्रसाद बास्तोला**

यस श्री बास्तोला परिवारका बरिष्ठ सल्लाहकार सदस्य एवम् समाजसेवी **इन्द्र प्रसाद बास्तोला** को ७१ वर्षको उमेरमा भएको निधनले श्री बास्तोला परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएका छौँ। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्मको चिर शान्ति र बैकुन्ठबासको कामना गर्दै भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री बास्तोला परिवार**
**बास्तोलाथर पोखरा-९**